## केपिलासगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८ सङ्ख्या ४ मितिः २०८१/०४/२७

भाग- २

केपिलासगढी गाउँपालिका

केपिलासगढी गाउँ कार्यपालिकाको कार्यालय


# केपिलासगढी कृषि संकलन केन्द्र कार्यविधी २०८१

**प्रस्तावनाः**

केपिलासगढी गाउँपालिकाभित्रका कृषकहरुले उत्पादन गरेका कृषि सामाग्रीहरु विक्री वितरण भई बाँकी रहेका सामाग्रीहरु बजारिकरण हुन नसकी कृषकहरु नोक्सानमा जाने र कृषि क्षेत्रबाट पलायन हुन सक्ने अवस्थालाई मध्यनजर गरी गाउँपालिकाले कृषि उपज बस्तुहरु कृषि केन्द्रमा संकलन गरी न्युनतम मुल्य कायम गरी कृषकहरुलाई कृषि क्षेत्रमा प्रोत्साहन गर्न बाञ्छनिय रहेको हुनाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम **केपिलासगढी कृषि संकलन केन्द्र सञ्चालन कार्यविधि, २०८१** बनाई लागू गरिएको छ।

केपिलासगढी गाउँपालिका खोटाङ

## परिच्छेद-१

## प्रारम्भिक

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः** (१) यस कार्यविधिको नाम "**केपिलासगढी कृषि संकलन केन्द्र सञ्चालन कार्यविधि, २०८१**" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यक्ष"** भन्नाले केपिलासगढी गाउँपालिका गाउँ कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ख) **"उपज"** भन्नाले कृषकहरुले उत्पादन गरेको सामाग्रीहरु भन्ने बुझ्नु पर्दछ।

(ग) **"उपाध्यक्ष"** भन्नाले केपिलासगढी गाउँपालिकामा अध्यक्षको अनुपस्थितिमा रहेर गाउँपालिकाको कामकारबाही गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।

(घ) **"उत्पादक"** भन्नाले केपिलासगढी गाउँपालिका भित्र खाद्य तथा नगदेबाली उत्पादन गर्ने कृषकलाई सम्झनु पर्दछ।

(ङ) **"कार्यालय"** भन्नाले केपिलासगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(च) **"कृषक"** भन्नाले केपिलासगढी गाउँपालिका भित्र व्यक्तिगत तथा सामुहिक रुपमा खेती, किसानी गर्नेलाई सम्झनु पर्दछ।

(छ) **"कृषि संकलन केन्द्र"** भन्नाले केपिलासगढी गाउँपालिकामा कृषि सामाग्री भण्डारण गर्ने स्थानलाई सम्झनु पर्दछ।

(ज) **"कार्यविधि"** भन्नाले केपिलासगढी गाउँपालिकामा कृषि संकलन केन्द्र सञ्चालन कार्यविधि २०८१ लाई सम्झनु पर्दछ।

(झ) **"खुद्रा"** भन्नाले कम परिणाममा बिक्री वितरणका लागि राखिएको सामाग्रीलाई बुझ्नुपर्दछ।

(ञ) **"थोक"** भन्नाले बढी परिणाममा बिक्री वितरणका लागि राखिएको सामाग्रीलाई बुझ्नुपर्दछ।

(ट) **"न्यूनतम समर्थन मूल्य"** भन्नाले कृषकहरुले उत्पादन गरेका उपजहरुलाई गाउँपालिकाले तोकिने मूल्यलाई सम्झनु पर्दछ।

केपिलासगढी गाउँपालिका, खोटाङ

(ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** केपिलासगढी गाउँपालिका, गाउँ कार्यपालिकाको प्रशासनिक काम गर्ने प्रमुखलाई सम्झनु पर्दछ।

(ड) **"सम्झौता"** भन्नाले केपिलासगढी गाउँपालिका र कृषकहरुविच बुँदागत रुपमा गरिने शर्त तथा नियमहरुलाई बुझ्नुपर्दछ।

(ढ) **"समिति"** भन्नाले यस कार्यविधि बमोजिम न्यूनतममूल्य निर्धारण समिति तथा छनौट समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## कृषि संकलन केन्द्र सञ्चालक समिति गठन तथा काम कर्तव्य र अधिकार

**३. <u>कृषि संकलन केन्द्र सञ्चालक समितिः</u>** (१) गाउँपालिका भित्र उत्पादन भएका कृषि सामाग्रीहरुको मुल्य निर्धारण, व्यवस्थापन तथा सञ्चालन गर्नको लागि एक समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिमको हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) आर्थिक विकास समितिका संयोजक | - सदस्य |
| (ङ) योजना शाखा प्रमुख | - सदस्य |
| (च) कृषि शाखा प्रमुख | - सदस्य सचिव |

**४. <u>कृषि संकलन केन्द्रको काम, कर्तव्य र अधिकारः</u>** कृषि संकलन केन्द्र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

(क) कृषि उपजहरुको न्यूनतम मूल्य निर्धारण गर्ने।

(ख) कृषि उपजहरुको ग्रेडिङ मापन गर्ने।

(ग) कृषि उपजहरु थपघट गर्ने सम्बन्धमा।

(घ) कृषि उपजहरुको व्यवस्थापन तथा बजारिकरण सम्बन्धी आवश्यक नीति तय गर्ने।

(ङ) बजारको दिर्घकालिन विकास तथा विस्तार सम्बन्धी गुरुयोजना तयार गर्ने।

(च) गुणस्तरहिन, अखाद्य, मिसावटयुक्त, उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने खालको उपजहरुलाई नियमन, नियन्त्रण तथा आवश्यक कारबाहीका लागि अगाडी बढाउने।

केपिलासगढी गाउँपालिका, खोटाङ

(छ) म्याद गुज्रेका, उपभोग गर्न अयोग्य भएका उपजहरुलाई आवश्यक प्रक्रिया पुऱ्याई नष्ट गर्ने।

## परिच्छेद-३

## कृषि संकलन केन्द्रको सचिवालय र काम, कर्तव्य र अधिकार

५. **कृषि संकलन केन्द्रको सचिवालयः** कृषि संकलन केन्द्रको सचिवालयको काम कृषि शाखाबाट हुनेछ।

६. **कृषि संकलन केन्द्रको सचिवालयको काम कर्तव्य अधिकारः** (१) कृषि संकलन केन्द्रको सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

(क) कृषि उपजहरुको भण्डारण, व्यवस्थापन गर्ने,

(ख) कृषकहरुबाट भण्डारण गर्न दिएको उपजको अभिलेखिकरण गर्ने,

(ग) भण्डारण गरिएका उपजहरुलाई बजारिकरण गर्ने व्यवस्था गरी सो को अभिलेख राख्ने,

(घ) कृषि संकलन केन्द्रमा भण्डार गरेका कृषकहरुलाई भुक्तानीको लागि आधार तयार पार्ने,

(ङ) दफा-३ को उपदफा (२) बमोजिम समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने,

## परिच्छेद-४

## कृषि उपज सम्बन्धी व्यवस्था

७. **कृषि उपज संकलन सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले भण्डारण गर्ने कृषि उपज सम्बन्धी व्यवस्था अनुसूची-१ बमोजिम रहनेछ।

(२) उपदफा-१ मा जुन सुकै कुरा लेखिएको भएतापनि दफा-३ को उपदफा (२) को सिफारिस समितिले कृषि उपजहरुको थपघट गर्न सक्नेछ।

(३) कृषकहरुले कृषि संकलन केन्द्रमा कृषि उपज ल्याउँदा ढुवानी भाडा आफै व्यहोर्नु पर्नेछ।

(४) कृषि संकलन केन्द्रमा थोक तथा खुद्रा उपजहरु समेत संकलन गरिनेछ।

(५) कृषि संकलन केन्द्रमा कृषि उपज भण्डारण गरे पश्चात कृषकलाई अनुसूची-२ बमोजिम ढाँचाको रसिद काटिनेछ र भुक्तानी माग गर्दा उक्त रसिद समेत पेश गर्नुपर्नेछ।

केपिलासगढी गाउँपालिका, खोटाङ

## परिच्छेद-५

## अनुदान सम्बन्धी व्यवस्था

८. **अनुदान सम्बन्धी व्यवस्थाः** (१) दफा ३ को उपदफा (२) बमोजिमको समितिबाट निर्णय भए अनुसार अनुसूची-१ बमोजिम रहेका कृषि उपजहरुलाई मात्र अनुदानको व्यवस्था गरिनेछ।

(२) कृषकहरुले अनुदान रकम दावी गर्दा अनुसूची-३ बमोजिमको निवेदनको ढाँचा सहित कृषि शाखाको सिफारिस-पत्र, नागरिकता प्रमाण-पत्रको प्रतिलिपी साथै बैङ्क चेकको प्रतिलिपी पेश गर्नुपर्नेछ।

(३) गाउँपालिकाले कृषि उपजहरुको अनुदान दिँदा दफा ३ को उपदफा (२) बमोजिम समितिको निर्णय अनुसार दफा ४ (क) को न्यूनतम मूल्य निर्धारणलाई आधारमानी भुक्तानी दिनुपर्नेछ।

(४) गाउँपालिकाले कृषि उपजहरुको भुक्तानी दिँदा ग्रेडिङ गरिए अनुसार भुक्तनी दिनुपर्नेछ।

(५) बिक्री नभएको, सडेको, कुहिएको कृषि उपजहरुलाई दफा-३ को उपदफा (२) का समितिहरुको रोहवरमा अनुसूची-४ बमोजिमको मुचुल्का उठाई नष्ट गर्नुपर्नेछ।

(६) गाउँपालिकाले कृषकबाट कृषि उपज लिदाँ सडेको, कुहिएको, नष्ट भएको, मिसावटयुक्त भएको, म्याद गुज्रेको, अखाद्य, स्वास्थ्यमा प्रतिकुल असर हुने खालको पाइएमा त्यस्तो उपजलाई अनुदान रकम उपलब्ध गराउन बाध्य हुनेछैन तर गाउँपालिकाले कृषि उपज लिइसकेपछी सडेको, कुहिएको, नष्ट भएको, मिसावटयुक्त भएको, म्याद गुज्रेको, अखाद्य, स्वास्थ्यमा प्रतिकुल असर हुने खालको भएमा अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-६

## कृषि उपजको ग्रेडिङ सम्बन्धी व्यवस्था

९. **कृषि उपजको ग्रेडिङ सम्बन्धी व्यवस्थाः** (१) कृषि सम्बन्धी ग्रेडिङको व्यवस्था दफा-३ को उपदफा (२) बमोजिमका समितिबाट हुनेछ।

(२) कृषि उपजहरुको ग्रेडिङ गर्दा उच्च, राम्रो, मध्यम र सामान्य गरी ४ भागमा विभाजन गरिनेछ।

(३) १०० प्रतिशत गुणस्तर भएमा उच्च, ७५ प्रतिशत गुणस्तर भएमा राम्रो, ५० प्रतिशत भएमा मध्यम र २५ प्रतिशत भएमा सामान्य रुपमा मुल्याङ्कन

गरिनेछ साथै २५ प्रतिशत भन्दा कम गुणस्तर भएमा त्यस्ता उपजहरु दर्ता गरिनेछैन।

(४) उत्पादित कृषि उपजहरुको ग्रेडिङ गर्दा कुनै द्विविधा आएमा कृषि विज्ञको राय बमोजिम गरिनेछ।

## परिच्छेद-७

## मुल्य निर्धारण सम्बन्धी व्यवस्था

१०. **<u>मुल्य निर्धारण सम्बन्धी व्यवस्थाः</u>** (१) कृषि संकलन केन्द्रमा उपज वस्तुहरुको मुल्य निर्धारण गर्न एक समिति रहनेछ।

(२) मुल्य निर्धारण समिति देहाय बमोजिमको रहनेछ।

(क)उद्योग वाणिज्य संघको अध्यक्ष - संयोजक

(ख) अगुवा कृषक प्रतिनिधी - सदस्य

(ग) कृषि शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले उत्पादित उपजहरुको मुल्य निर्धारण प्रत्येक हप्ताको सोमबार गर्नुपर्नेछ।

तर, समितिले आवश्यक ठानेमा एक चोटी मुल्य निर्धारण गरेपश्चात निश्चित अवधीसम्म सोही मुल्य कायम रहनेगरी बैठकबाट निर्णय गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिले निर्धारण गरेको मुल्य गाउँपालिकाको Website र सूचना पार्टीमा टाँस गर्नुपर्नेछ।

(५) कृषकहरुले संकलन केन्द्रमा ल्याएको उपजहरुलाई सोही हप्तामा गरेको मुल्य निर्धारणको आधारमा गाउँपालिकाले भुक्तानी दिनुपर्नेछ।

## परिच्छेद-८

## विविध

**(घ) <u>कार्यविधि संसोधन सम्बन्धी व्यवस्थाः</u>** गाउँपालिकाले “केपिलासगढी कृषि संकलन केन्द्र सञ्चालन कार्यविधि, २०८१” आवश्यक परेको समयमा संसोधन गर्नेछ।

**(ङ) <u>बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः</u>** यस कार्यविधि कार्यान्वयनमा आए पश्चात आइपर्ने समस्याको समाधानका लागि कार्यपालिकाद्वारा बाधा अड्काउ फुकाउने व्यवस्था रहेको छ।

**(च)** यस कार्यविधिमा उल्लेख नभएका विषयवस्तुहरु संघीय तथा प्रदेश कानुन बमोजिम लागू हुनेछ।

**(छ)** यस कार्यविधिमा रहेका दफाहरु नबाझिने स्थितिसम्म लागू हुनेछ।

केपिलासगढी गाउँपालिका खोटाङ

## अनुसूचीः१
## (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**गाउँपालिकाले भण्डारण गर्ने कृषि उपजहरुको न्युनतम समर्थन मूल्य निम्न बालीहरुमा तोकिएको छ।**

| सि.नं. | बालीको नाम | महिना | महिना | महिना | महिना |
|---|---|---|---|---|---|
| (क) | छोटो अवधिका बालीहरु | बैशाख-असार | साउन-असोज | कार्तिक-पुस | माघ-चैत्र |
| १ | अकबरे खुर्सानी | | | | |
| २ | गोलभेडा | | | | |
| ३ | केरा | | | | |
| ४ | किवी | | | | |
| ५ | काउली | | | | |
| ६ | बन्दा | | | | |
| ७ | जुकुनी फर्सी | | | | |
| ८ | रायो साग | | | | |
| ९ | काक्रो | | | | |
| १० | ब्रोकाउली | | | | |
| ११ | भेडे खुर्सानी | | | | |
| १२ | हरियो धनियाँ | | | | |
| १३ | तिते करेला | | | | |
| १४ | मुला | | | | |
| १५ | गाँजर | | | | |
| १६ | हरियो सिमी | | | | |
| १७ | फर्सी(स्थानिय) | | | | |
| १८ | सुन्तला | | | | |
| १९ | कागति | | | | |
| २० | आपँ | | | | |
| २१ | नास्पाति | | | | |
| २२ | आरु | | | | |
| २३ | आरुबखडा | | | | |
| २४ | अम्बा | | | | |
| २५ | भुईकटहर | | | | |
| २६ | भोगटे | | | | |

केपिलासगढी गाउँपालिका, खोटाङ

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | अन्य | | | | |
| **(ख)** | **लामो अवधिका बालीहरु** | | | | |
| १ | अकबरे खुर्सानी(सुकेको रातो) | | | | |
| २ | प्याज | | | | |
| ३ | लसुन | | | | |
| ४ | अदुवा | | | | |
| ५ | बेसार | | | | |
| ६ | आलु | | | | |
| ७ | मकै | | | | |
| ८ | तोरी | | | | |
| ९ | कोदो | | | | |
| १० | फापर(दाना) | | | | |
| ११ | मह(५०० मि.ली.) | | | | |
| १२ | भटमास (दाना) | | | | |
| १३ | धान(मकवानपुरे जात) | | | | |
| १४ | धान(चम्पासरी, अटे, दुधेतौली) | | | | |
| १५ | गहुँ | | | | |
| १६ | कफी(सुकेको दाना) | | | | |
| १७ | टिम्मुर (सुकेको दाना) | | | | |
| १८ | स्कुसको दाना | | | | |
| १९ | स्कुसको जरा | | | | |
| २० | उखु | | | | |
| २१ | सिमी दाना | | | | |
| २२ | अन्य | | | | |

केपिलासगढी गाउँपालिका, खोटाङ

## अनुसूचीः२

**(दफा ७ को उपदफा(५) सँग सम्बन्धित)**

**केपिलासगढी कृषि संकलन केन्द्रले कृषि उपजहरुको खरिद गर्नको लागि भर्नुपर्ने बिल**

मितिः / /

कृषकको नामः ...............................

ठेगानाः............................ सम्पर्क नं.......................

**बालीको विवरण**

बालीको नामः ............................

परिमाणः........................... के.जी प्रति केजी मूल्य.......................

जम्मा मूल्यः ...........................

............... ..................

कृषि शाखा कृषकको हस्ताक्षर

## अनुसूचीः३

## (दफा ८ को उपदफा(२) सँग सम्बन्धित)

मितिः २०   /   /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु

केपिलासगढी गाउँकार्यापालिकाको कार्यालय,

बाक्सिला, खोटाङ।

विषयः अनुदान रकम भुक्तानी गरिदिने सम्बन्धमा।

प्रस्तुत विषयमा यस केपिलासगढी गाउँपालिकाको कृषि सेवा शाखा अर्न्तगत केपिलासगढी कृषि संकलन केन्दमा केपालासगढी गाउँपालिका वडा नं................ मा बस्ने म ना.प्र.न.................. को श्री...............................ले यस केन्द्रमा कृषि उपज ल्याएको हुदाँ तपशिलको बमोजिमको अनुदान रकम भुक्तानी गरिनुदिनु हुन आवश्यक कागजात यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

तपशिलः

| कृषि उपजको नाम | परिमाण | निर्धारित प्रति के.जी मूल्य | अनुदान रकम | उपज ल्याएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**निवेदक**

नामः

सम्पर्क नं

हस्ताक्षर

केपिलासगढी गाउँपालिका,खोटाङ

## अनुसूचीः४

## (दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

## मुचुल्का

लिखितम खोटाङ जिल्ला केपिलासगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बाक्सिला, कृषि संकलन केन्द्रमा विभिन्न मितिमा भण्डारण गर्न राखिएका कृषि उपजहरु बजारिकरण हुन नसकेर यसै संकलन केन्द्रमा रहेको र तपसिल बमोजिम परिणाम रहेका कृषि उपजहरुलाई यसै कृषि संकलन केन्द्र सञ्चालक समितिको बैठक बसी रोहवरमा उक्त उपजहरु नष्ट गरियो।

तपशिलः

१. विसर्जन गरिने कृषि उपजको परिमाणः

| क्र.स | उपज | परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

२. कृषि संकलन केन्द्र सञ्चालक समिति

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| | | संयोजक | | |
| | | सदस्य | | |
| | | सदस्य | | |
| | | सदस्य | | |
| | | सदस्य | | |
| | | सदस्य सचिव | | |

**आमन्त्रित**

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**इति संवत २०.... साल ..... महिना ...... गते मंगल रोज शुम्भ।**

केपिलासगढी गाउँपालिका, खोटाङ

प्रमाणिकरण मितिः २०८१/०४/२७

आज्ञाले,

नामः सौ धन राई

प्रमुख प्रशासकीय अधिकृत

केपिलासगढी गाउँपालिका, खोटाङ